# नेपाल गजेट

## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६] काठमाडौं, पौष ७ गते २०१३ साल [अतिरिक्ताङ्क १३


## कानून तथा संसदीय प्रबन्ध मन्त्रालयको सूचना

श्री ५ महाराजाधिराजबाट बनाई बक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

## २०१३ सालको ऐन नम्बर १३

स्वस्तिश्री गिरिराज चक्र चूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्वी प्रोज्ज्वल नेपाल तारा ॐराम पट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्ग देवानाम् सदा समर विजयीनाम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

2Ed

# सर्वोच्च अदालत ऐन, २०१३ लाई संशोधन गर्ने ऐन

न्याय सम्पादनको कामका दौडाहाको राम्रो व्यवस्था गर्नाको निमित्त सर्वोच्च अदालत ऐन २०१३ (यसपछि मूल ऐन भनिएको) संशोधन गर्न आवश्यक देखिएकोले श्री ५ महाराजाधिराजबाट मन्त्रि-मण्डलको सल्लाह अनुसार यो ऐन बनाई जारी गरी बक्सेको छ।

१. संक्षिप्त नाम र अवधिः— (१) यस ऐनको नाम सर्वोच्च अदालत (संशोधन) ऐन २०१३ रहेको छ।

(२) यो संशोधन ऐन २०१५ साल पौष ४ गतेसम्म लागू रहने छ।

२. मूल ऐनको दफा १० मा संशोधनः— मूल ऐनको दफा १० मा निम्नलिखित प्रबतिन्धात्मक वाक्यांश थपिएको छ।

तरः—

[क] दफा १६ अन्तर्गत बनाइएका नियम बमोजिम सर्वोच्च अदालतका न्यायाधीश दौडाहा गएका बखत मुद्दा मामिलाहरू ठाडै बुझी शुरू कारबाई गरी फैसला गर्ने वा मातहत अदालतहरूमा परिरहेका मुद्दा मामिला झिकि हेर्ने फैसला गर्ने वा आफूले हेरेका मुद्दा मामिला अपील सुन्ने मातहत अदालतमा सार्ने समेतको अधिकार शेष हुनेछ।

[ख] सर्वोच्च अदालतका न्यायाधीशले दौडाहा इजलासबाट दिएको आदेश वा गरेको फैसला सर्वोच्च अदालतले दोहोर्याई हेर्न सक्नेछ।

इति सम्वत् २०१३ साल पौष गते रोज शुभम्—

लालमोहर सदर मिति २०१३।९।५४ मा

आज्ञाले—
मदनबहादुर खत्रीक्षेत्री,
सेक्रेटरी कानून तथा संसदीय प्रबन्ध मन्त्रालय

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६६